# स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
# सामाजिक परिचालन कार्यक्रमको प्रतिवेदन

२०७३ श्रावणदेखि २०७४ आषाढमसान्त सम्म

**पेश गरिएको**

पोखरा लेखनाथ महानगरपालिका

न्युरोड पोखरा, कास्की

**पेश गर्ने**

सीप हस्तान्तणव्दारा शसक्तिकरण (नेष्ट)

नागढुङ्गा पोखरा- ८,कास्की

फोन : ०६१ ५२०४९२

## कृतज्ञता

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत सञ्चालीत तथा स्थानीय निकाय जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समितिद्धारा सञ्चालित कार्यक्रम अन्तरगत पोखरा लेखनाथ महानगरपालिकामा सामाजिक परिचालन कार्यक्रमको लागि यस संस्थालाई स्थानीय सेवा प्रदायकको रुपमा कार्य गर्ने अवसर दिनु भएकोमा पोखरा लेखनाथ महानगरपाकिलाका प्राति हार्दिक कृतज्ञता जाहेर गर्दछौ ।

यो कार्यक्रम सञ्चालन गर्नका लागि आफ्नो स्थानबाट नीतिगत व्यवस्था तथा अन्य कार्यान्वयन चरणमा सहयोग गर्नु हुने नगर प्रमुख मान बहादुर जि.सी. ज्यू, कार्यकारी अधिकृत श्री दिर्घ नारायण पौडेल ज्यू, सामाजिक सेवा विभाग माहाशाखा प्रमुख श्री ओमराज पौडेल ज्यू, तथा शहरी गरिबी न्यूनिकरण तथा सामाजिक परिचालन शाखाका वित्त अधिकृत तथा सामाजिक परिचालन कार्यकमका फोकल पर्सन सविता ढुगांना ज्यूले गर्नु भएको सहयोग प्रति हार्दिक धन्यवाद सहति कृतज्ञता व्यक्त गर्दछौ ।

यो कार्यक्रम सञ्चालनका लागि फिल्ड तहमा कार्य गर्नु हुने सामाजिक परिचालक तथा वडा अध्यक्ष,सचिबहरु लाई धन्यवाद नदिई रहन सकिन्न । उहाँहरुको सहयोग विना सामाजिक परिचालनको कार्य वडा तहमा सञ्चालन गर्न असम्भव प्राय रहेको छ । अतः सामाजिक परिचालक तथा वडा सचिहरुलाई धन्यवाद प्रदान गर्दछौ ।

अन्तमा: नागरिकहरुको संलग्नताले यो कार्यक्रमको उद्देश्य प्राप्तिमा सहयोग गर्दछ । यसका लागि वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्रमा रहेर कार्य गर्नुहुने आम पोखरा लेखनाथ महानगरवासीमा स्थानीय सेवा प्रदायकको हैसियतले हार्दिक आभार व्यक्त गर्दछौ ।

**सीप हस्तान्तरव्दारा सशक्तिकरण (नेष्ट)**

पोखरा

**बिषय सूचि**

१. कृतज्ञता ………………………………………………………………………………

३. बिषय सूचि ……………………………………………………………………………

४. साराशं…………………………………………………………………………………

५. संस्था परिचय……………………………………………………………………………

६. परियोजना पृष्ठ भूमि………………………………………………………………………

७. कार्यक्रम सञ्चालन अवधि ………………………………………………………………

८. कार्यक्रम सञ्चालन गरिएको वडा । कार्यक्षेत्र……………………………………………

९. मूख्य गतिविधि……………………………………………………………………………

१०. मूख्य उपलब्धी…………………………………………………………………………

११. क्रियाकलाप सञ्चालन गर्दा देखिएका समस्या तथा चुनौती…………………………………

१२. समाधानका लागि गरिएको प्रयासहरु…………………………………………………

१३. सुझाव ………………………………………………………………………………

१४. सामाजिक परिचालन कार्यक्रमको प्रभाबबाट भएका समारात्मक परिर्बतनहरु…………

१५. अनुसुचीहरु…………………………………………………………………………

१५. फोटोहरु………………………………………………………………………………

## सारांश

संघिय मामिला तथा स्थानिय विकास कार्यक्रम अर्न्तगत स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत पोखरा लेखनाथ महानगरपालिका तथा स्थानिय सेवा प्रदायक संस्था सीप हस्तान्तरणव्दारा सशक्तिकरण (नेष्ट)को सहजीकरणमा पोखरा लेखनाथ महानगरपालिकाका १० वटा वडा र स्थानिय सेवा प्रदायक संस्था छुनुमुनु पब्लिकेशनको मातहतमा रहेका १० वटा वडाहरु नारी सेवा केन्द्र र नेष्टलाई बाडफाँड गरि जिम्मा लगाए पश्चात अरु बाँकी ४ वटा वडा गरि जम्मा १४ वडामा सामाजिक परिचालन कार्यक्रम संचालनमा रहेको छ । सोही कार्यक्रमको गत २०७३ श्रावण देखि २०७४आषाढ मसान्त सम्मको वार्षिक प्रगति विवरण यहां प्रस्तुत गरिएको छ ।

सोही अनुसार पो.ले.म.न.पा.का कार्यक्रम संचालित साविकका १४ वटा वडाहरुमा नागरिक सचेतना केन्द्र गठन भैसकेको, सवै वडामा वडा नागरिक मञ्च पुर्न गठन भई परिचालनमा रहेको, टोल तथा वडा स्तरिय बाल क्लब गठन भएको, सवै वडा नागरिक मञ्चको क्रियाशिलता मापन तथा वर्गिकरण समेत भैसकेको अवस्था छ । साविकका वडाहरु हाल पोखरा लेखनाथ महानगरपालिकामा गाभिएका २०, २१, २२ ,२७ र २८  नं र हाल ११,१३,१६,२० र २५ का वडाहरुमा साना पुर्वाधार योजनाबाट शोलर बत्ती जडान भएको, पानी ट्यांकि निमार्ण तथा सामुदायिक भवन, सामुहिक कुखुरा पालन को कार्य सम्पन्न भएको छ । साथै जिविकोपार्जन सुधार योजना कार्यक्रमबाट हाल वडा नं २० मा टनेलमा गोलभेंडा खेती, बाख्रा पालन, वडा नं ११ मा बाख्रा पालन, तरकारी खेती, कुखुरा पालन तथा भैसि पालन कार्य भैरहेको छ । त्यसैगरी जिविकोपार्जन सुधार योजनाको कार्यक्रमबाट नागरिक सचेतना केन्द्रका सदस्यहरुले वडा नं १३ मा पाचँजना ना.स.के.का सदस्यहरुले भैसिको पाडी खरिद ,वडा नं १६ मा बाख्रा पालन, कुखुरा पालन, तथा भैसिको पाडी खरिद र वडा नं २५मा कुखुरा फर्म सञ्चालन गरी जिवन सुधारको कार्य प्रारम्भ गरेका छन् । यसरी साना पुर्वाधार योजनाबाट पनि नागरिक सचेतना केन्द्रका सदस्यहरुमा सानो योजनाबाट गाउँमा परिर्बतन भएको महसुस गरिएको छ ।

त्यसैगरि वडा नागरिक मञ्चका सदस्यहरुमा वडा भित्र  रहेका बिकास निमार्णको काममा आफ्नो कर्तव्य र  जिम्मेबारीको बारेमा बोध भैरहेको र वडामा रहेका बिकास निमार्णको कामको अनुगमनका साथ साथै निगरानी समेत भएको छ । यस कार्यक्रमले नागरिक सचेतना केन्द्रका सदस्यहरु माझ उनीहरुको जीवनस्तरमा केही फरक भएको अनुगमनको शिलशिलामा जाँदा पाईएको छ । यसै क्रममा वडा नागरिक मञ्च क्रियाशिलता मापन तथा वर्गिकरण कार्यमा क्रस कटिङ्ग विधिव्दारा मापन कार्यमा जाने शिलशिलामा वडा नागरिक मञ्चका सदस्यहरुमा अझ कार्यहरु गर्न बाँकि रहेको बारेमा जानकारी भएको पाईएको छ भने बालबालिकाको हकमा बाल क्लब  गठन भएको र टोल टोलका बाल क्लबहरु पोखरा उपमहानगरपालिकाको कार्यलयमा  दर्ता भैरहेको छ । विभिन्न उपमहानगरपालीका बाट पोखरा लेखनाथ महानगरपालिकाको भ्रमणमा आएका वडा नागरिक मञ्चका संयोजक,नागरिक सचेतना

केन्द्रका सदस्य,बाल क्लबका भाई बहिनी ,सामाजिक परिचालक संयोजक,सामाजिक परिचालक आदि संगको भेटघाटका साथै अर्न्तक्रियात्मक कार्यक्रम समेत सम्पन्न भएको छ ।

## १. परिचय

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले राष्ट्रिय स्तरमा सञ्चालन गरेको कार्यक्रम स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम स्थानीय शासन सुधारको मुल उद्देश्यका साथ नेपालका स्थानीय निकायहरुबाट कार्यान्वयन भई रहेको राष्ट्रिय कार्यक्रम हो । यसरी सञ्चालन भएको कार्यक्रम अर्न्तगत पोखरा लेखनाथ महानगरपालिकामा गत आ.ब.०७१ देखि सामाजिक परिचालनको कार्यक्रम शुरु भएको छ । सामाजिक परिचालन कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय स्तरमा स्थानीय सेवा प्रदायक संस्था मार्फत कार्य गर्ने रणनीति अनुरुप पोखरा लेखनाथ महानगरपालिकालाई साबिक तिनवटा सेवा प्रदायक संस्थामा विभाजन गरी सामाजिक परिचालनका लागि स्थानीय सेवा प्रदायक संस्थालाई जिम्मेवारी  दिएता  पनि एउटा स्थानिय सेवा प्रदायक संस्थाले सन्तोष जनक कार्य नभएकाले सो संस्थालाई निस्काशन गरि  २०७३ भाद्र १५ गतेको पत्र बमोजिम बाँकि दुई वटा सस्थालाई मात्र निरन्तरता दिई सो निश्कासन गरेका १० वटा वडाहरु पनि विभाजन गरि जिम्मा लगाई कार्य हुँदै आएको छ ।

पोखरा लेखनाथ महानगरपालिकाका साबिकका १४ वटा वडाहरुमा सो कार्यक्रम संचालनका लागि सीप हस्तान्तरणव्दारा सशक्तिकरण (नेष्ट) स्थानिय सेवा प्रदायक संस्थाका रुपमा कार्यरत रहेको छ । साथै जिल्ला बिकास समिति मार्फत सामाजिक परिचालन कार्यक्रममा पहिलो चरणबाट नै स्थानिय सेवा प्रदायक संस्थाको रुपमा कार्य गर्दै आएको छ र हाल पनि जि.बि.स. कास्कीको सामाजिक परिचालन कार्यक्रममा सेवा प्रदायक संस्थाको रुपमा कार्यलाई  नियमितता दिदै आएको छ ।

सीप हस्तान्तरणव्दारा सशक्तिकरण (नेष्ट) वि.. सं. २०५९ सालमा स्थापित एउटा गैर नाफामुलक राष्ट्रियस्तरको गैर सरकारी संस्था हो ।  यसले देश भरमा विभिन्न स्तरका सरकारी तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुको साझेदारीमा कृषी, वन, पशुस्वास्थ्य तथा सुधार, खानेपानी तथा वातावरण सरसफाई लगायत व्यत्तिलगत तथा संस्थागत विकासका लागि तालिम, परामर्श तथा सामुदायिक विकासका कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

## २. परियोजना पृष्ठभूमि

नेपाल सरकार संघीय मामिला तथा स्थानिय विकास मन्त्रालयले राष्ट्रिय स्तरमा सञ्चालन गरेको कार्यक्रम स्थानिय शाषन तथा सामुदायिक विकास कार्यक्रममा सुधारको मुल उद्देश्यका साथ नेपालमा स्थानिय निकायहरुबाट कार्यान्यन भई रहेको कार्यक्रम हो । यसरी सञ्चालन भएको कार्यक्रम अर्न्तगत पोखरा उपमहानगरपालिकामा पनि गत आ.ब. २०७१।०७२ देखि सामाजिक परिचालनको कार्यक्रम शुरु भएको छ ।सामाजिक परिचालन कार्यक्रम सञ्चालन गर्नका लागि स्थानिय स्तरमा स्थानिय सेवा प्रदायक संस्था मार्फत कार्य गर्ने रणनिति अनुरुप पोखरा लेखनाथ महानगरपालिकालाई तिनवटा

क्लष्टरमा विभाजन गरी स्थानिय सेवा प्रदायक संस्थालाई जिम्मेबारी दिईता पनि हाल भाद्र १६ गते पश्चात दुई वटा स्थानिय सेवा प्रदायक संस्थालाई कार्य विभाजन भएको र विगतको जस्तै कार्य हुँदै आएको छ ।

यसै अनुरुप एउटा स्थानिय सेवा प्रदायक संस्था सीप हस्तान्तरणद्वारा सशक्तिकरण -नेष्ट पनि रहेको छ ।

### ३. कार्यक्रम सञ्चालन अवधि

२०७१ साल चैत्र २७ गते पोखरा लेखनाथ महानगरपालिका र सीप हस्तान्तरणद्वारा सशक्तिकरण नेष्ट बिच भएको सम्झौता अनुसार यो कार्यक्रम २०७२ साल आषाढ मसान्त सम्मका लागि सम्झौता भएको भए पनि सो सम्झौता बमोजिम कार्य सम्पादनका आधारमा म्याद थप गर्न सकिने प्रावधान बमोजिम पोखरा  लेखनाथ महानगरपालिकाले चालु आ.ब. २०७३/०७४आषाढ मसान्त सम्मका (जम्मा छ महिना) लागि समेत म्याद थप गरी सकेको र यो कार्यक्रमको हालको अवधि २०७१ चैत्र देखि २०७४आषाढ मसान्त सम्म रहेको छ।

### ४. कार्यक्रम सञ्चालन गरिएको वडा । कार्यक्षेत्र

पोखरा  लेखनाथ महानगरपालिकाले यसमा रहेका जम्मा २९ वटा वडाहरुलाई दुईवटा क्लष्टरमा विभाजन गरेको छ । जस अनुसार सीप हस्तातरणद्वारा सशक्तिकरण -नेष्ट क्लष्टर नं. २ अर्थात वडा नं. ४,५,८,९,१०,११,१२, १३, २०, २१, २२ ,२७, २८ र २९ मा कार्य गरी रहेको छ । यसरी यो कार्यक्रम जम्मा १४ वटा वडामा सीप हस्तातरणद्वारा सशक्तिकरण -नेष्ट  ले स्थानीय सेवा प्रदायकको रुपमा कार्य गरी रहेको छ ।

पोखरा  लेखनाथ महागरपालिका सँगको सम्झौता पश्चात सामाजिक परिचालन कार्यविधि २०७१ को अधिनमा रही कार्यक्रम सञ्चालन गर्नका लागि एक जना सामाजिक परिचालन संयोजक तथा एक वडा एक सामाजिक परिचालकको नियुक्ती गरी कार्यक्रम सञ्चालन गरिदै आएको छ ।

### ५. मूख्य गतिबिधि :

सामाजिक परिचालन कार्यविधि बमोजिम स्थानिय सेवा प्रदायक संस्थालाइ दिएका जिम्मा बमोजिम हरेक चार चार महिनामा पेश गर्ने मुख्य गतिविधी बमोजिम यस चैत्रदेखि आषाढमसान्त र (बार्षिक प्रगति बिबरण) सम्ममा गरिएका मुख्य गतिबिधिहरु

**५. मूख्य गतिबिधि :**

संघिय मामिला तथा स्थानिय बिकास मन्त्रालय अर्न्तगत स्थानिय शाषन तथा सामुदायिक विकास कार्यकम मा आधारित स्थानिय सेवा प्रदायक संस्था सीप हस्तान्तरणद्धारा सशक्तिकरण नेष्टको सामाजिक परिचालक संयोजक निर्मला अर्याल बरालको प्रगति प्रतिबेदन भएका कामहरुको विवरण

- पोखरा लेखनाथ महानगरपालिकाको सभा हलमा पोखरा लेखनाथ महानगरपालिका कार्यलयका कार्यकारी अधिकृत भिम बहादुर कुँवर ज्यू ,सामाजिक विकास महाशाखा प्रमुख।बरिष्ट अधिकृत ओमराज पौडेल ज्यू,सामाजिक शाखा अधिकृत दुर्गा न्यौपाने ज्यू,शहरी गरिबी न्यूनिकरण शाखा तथा वित्त अधिकृत सविता ढुडगाना ज्यू,क्षेत्रिय सम्मन्नय ईकाइ पदाधिकारी ज्यूहरु,तिन वटै सेवा प्रदायक संस्थाका सामाजिक परिचालक संयोजक का साथमा सम्पूर्ण सामाजिक परिचालकको सहभागितामा सामाजिक परिचालन कार्यक्रमको थालनि पश्चात आषाढ मसान्त सम्ममा भएका काम,उपलब्धी,चुनौतिका विषयमा छलफल समेत गरि सुझावहरु संकलन भएको थियो ।
- संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय अर्न्तगत स्थानिय शाषन तथा सामुदायिक विकास कार्यक्रमबाट खाजाखर्च ,व्यबस्थापन ,प्रशिक्षक खर्च,स्टेशनरी खर्च बापत प्राप्त भएको अनुदान स्वरुपको बजेट पोखरा उपमहानगर पालिका स्थित स्थानिय सेवा प्रदायक संस्था नेष्टको मातहतमा रहेका नयाँ १० र पूरानो ४ वटा नागरिक सचेतना केन्द्रका संयोजकहरुलाई सेवा प्रदायक संस्थामा नै आमन्त्रण गरि प्रति नागरिक सचेतना केन्द्र रु ३०,०००। का दरले जम्मा रु ३,००,०००। र प्रति पूरानो नागरिक सचेतना केन्द्र रु १०,०००। का दरले रु ४०,०००। भर्पाई समेत गराई बैंक भौचर संकलन गरि एक प्रति संस्थामा र एक प्रति स्थानिय निकायमा समेत पेश  गरियो ।
- बाल मैत्रि स्थानिय शाषन २०६८ मा आधारित पोखरा लेखनाथ महानगरपालिकालाई पनि बाल मैत्रि नगर घोषणा गर्ने कार्यक्रम रहेकाले हरेक वडाको टोल टोलमा बाल क्लब गठन गरि वडा स्तरीय बाल क्लब समेत गठन भएको र दर्ता प्रकिया पनि तदरुकताका साथ अगाडि बडेकाले पोखरा लेखनाथ महानगरपालिका वडा नं ९ र ११मा पनि बाल बालिकाको लागि बाल अधिकार,बाल बालिका प्रति अभिभाबकको भुमिका विषय तिन दिनको कार्यक्रममा सहभागिता का साथै सहजिकरण गरिएको ।
- पोखरा लेखनाथ महानगरपालिकाको कार्यलयमा स्थानिय सेवा प्रदायक संस्था नेष्ट,नारी सेवा केन्द्र र छुनुमुनुका सामाजिक परिचालक संयोजकहरुसंगको बैठकमा सामाजिक बिकास महाशाखा प्रमुख अथवा बरिष्ट अधिकृत ओमराज पौड्ेल ज्यू,शहरी गरिबी न्यूनिकरण शाखा तथा वित्त अधिकृत,सामाजिक परिचालन कार्यक्रमका सम्बन्धित व्याक्तिव सबिता ढुडगाना ज्यू सँगको बैठकमा अबका आगामी दिनमा सामाजिक परिचालन कार्यक्रमलाई कसरी अगाडी बडाउन सकिन्छ भन्ने विषयमा छलफल गरि आगामि दिनमा मासिक रुपमा महिनाको १० गते बैठक बसि प्रतिबेदन पेश गर्ने विषयमा छलफल समेत भएको थियो ।
- सामाजिक परिचालन कार्यविधि २०७१ अनुसार पोखरा लेखनाथ महानगरपालिकामा सामाजिक परिचालन कार्यक्रमलाई नजिकबाट हेर्ने सम्बन्धित व्याक्ति नभएको अबस्थामा सामाजिक परिचालक संयोजकहरुले नै काम गर्नु पर्ने देखिएकोले सामाजिक परिचालन क्षेत्रिय सम्मन्नय ईकाइ पोखराले नतिजामा आधारित चौमासिक प्रतिबेदन फाराम,वडा नागरिक मञ्च

विवरण,नागरिक सचेतना केन्द्र विवरण ,बाल मैत्रि सँग सम्बन्धित आदि काम स्थानिय निकायबाट प्राप्त हुने डाटाहरु स्थानिय निकायबाट सम्बन्धित शाखाहरुसँगको सहकार्यमा र सामाजिक परिचालक संयोजकबाट प्राप्त हुने सामाजिक परिचालक संयोजक बसि आपसि सहयोगमा तयार गरी सम्बन्धित निकायमा समाबेश गरेका थियौ ।

- पोखरा लेखनाथ महानगरपालिका भित्र रहेका स्थानिय सेवा प्रदायक संस्थाहरु मध्ये सिप हस्तान्तरणद्धारा सशक्तिकरण नेष्टमा रहेका दशजना सामाजिक परिचालकहरुको मासिक बैठकमा स्वःमूल्याडकन फारम भरि सामाजिक परिचालक हरु स्वयमले नै आफ्नो मूल्याडकन गर्नुका साथै वडा नागरिक मञ्चका एक चौथाई सदस्य परिवर्तन सम्बन्धमा छलफल, “अष्ट ज अभियान “ को विषयमा नेष्टका बोर्ड उपाध्यक्ष्य शिवजी कोइराला ज्यूबाट जानकारी समेत गराई बैठक सम्पन्न ।
- पोखरा लेखनाथ महानगरपालिकावडा नं २८ स्थित पुरानो “छाँपागाउँ नागरिक सचेतना केन्द्रका” जिविकोपार्जन सुधार योजनाको घुम्ति रकम फिर्ता गर्ने क्रममा साबिक वडा नं २८का सामाजिक परिचालकको साथमा स्थानिय सेवा प्रदायक संस्था सामाजिक परिचालक संयोजकले समेत प्रत्यक्षरुपमा घर घरमा पुगि अनुगमन कार्य सम्पन्न भएको थियो ।
- सीप हस्तान्तरणद्धारा सशक्तिकरण नेष्टको आयोजनामा “अष्ट ज अभियान कास्की” को तदर्थ समितिको बैठक नेष्टको सभाहलमा भएको थियो। उक्त बैठकमा केन्द्रिय महासचिब निलकण्ठ तिवारीको समेत उपस्थितिमा अष्ट ज अभियानले नेपालमा रहेका -(जल ,जमिन ,जराजुरी,जनावर,जनशक्ति,जलबायू,जंगल,जडिबुटी)यस्ता सम्पदाहरुको सहि सदुपयोगका साथै जर्गेना गर्नका निम्ती जनसमुदायको चासोको विषयमा शिवजी कोइराला ज्यूबाट समेत सहजीकरण भएको थियो ।
- पोखरा लेखनाथ महानगरपालिका भित्र रहेका साबिकका २९ वटा वडाहरुका सामाजिक परिचालक प्रतिनिधित्व गरि तिज विषेश कार्यक्रमका लागि प्रपोजल लेखन कार्यमा सहयोग गरि सम्पूर्ण सामाजिक परिचालकहरुका लागि वर्ष दिनको एक दिन रमाइलो कार्यक्रम गरि तिज मनाउनका लागि पोखरा लेखनाथ महानगरपालिकाबाट रु ५७,९०० को प्रपोजल पेश गरेता पनि रु ३०,००० रकम उपलब्ध गराइएको थियो । सो कार्यक्रममा पोखरा लेखनाथ महानगरपालिकाबाट सामाजिक विकास महाशाखा प्रमुख ओम राज पौडेल,सामाजिक शाखा प्रमुख दुर्गा न्यौपाने,शहरी गरिबी न्यूनिकरण शाखा वित्त अधिकृत सामाजिक परिचालन फोकल पर्सन सबिता ढुगांना ज्यूको समेत उपस्थितिमा शुभ कामना आदान प्रदान गर्नका लागि पोखरा लेखनाथ महानगरपालिका वडा नं ९को सेति गंगा टोल विकास संस्थाको हलमा तिज कार्यक्रम सम्पन्न भएको थियो ।
- पोखरा लेखनाथ महानगरपालिका वडा नं ८मा वडा नागरिक मञ्चको एक चौथाई सदस्य परिर्बतन कार्यक्रममा सामाजिक परिचालक र सेवा प्रदायक संस्था नेष्टका सामाजिक परिचालक संयोजक को उपस्थितीमा अति नै सौहार्द्र पूर्ण वाताबरणमा कार्यक्रम सम्पन्न भएको थियो ।

- पोखरा लेखनाथ महानगरपालिका वडा नं २० भलाममा  स्थानिय सेवा प्रदायक संस्था नेष्टबाट सामाजिक परिचालक संयोजकको समेत उपस्थितिमा  वडा नागरिक मञ्चको काम कर्तव्य र जिम्मेबारीको वोध गराउदै आगामी दिनमा वडा नागरिक मञ्चका सदस्यहरुलाई कार्य गर्ने वातावरणको सिर्जना गरि एक चौथाई सदस्य परिवर्तनको साथ साथै टोल बिकास समितिबाट पनि वडा नागरिक मञ्चमा आबद्ध गराउनु पर्ने भएकाले सो सदस्यहरुलाई पनि समाबेश गरि केहि विवादीत विषयलाई पन्छाउदै वडा नागरिक मञ्चको  संयोजक,सह संयोजक परिर्बतनको कार्य सम्पन्न गराईएको थियो ।
- पोखरा लेखनाथ महानगरपालिकाको कार्यलयमा सामाजिक विकास महाशाखा प्रमुख ओम राज पौड्याल,सामाजिक परिचालन फोकल पर्सन सविता ढुंगाना,सेवा प्रदायक संस्था नेष्ट ,नारी सेवा केन्द्र छुनुमुनुका सामाजिक परिचालक संयोजकहरुको मासिक बैठकमा मासिक प्रगति विवरण सम्बन्धी बैठक समेत सम्मन्न भएको थियो ।
- सीप हस्तान्तरणद्धारा सशक्तीकरण नेष्टमा कास्की जिल्लाका नेपाल परमार्कचर समुहमा आबद्ध भएका सम्पूर्ण सदस्यहरुको आगमनमा कास्की जिल्लाको सदस्यहरु माझ तदर्थ समिति गठन गरीनुका साथै वन कार्यालयका कार्यक्रम अधिकृत ......  जिल्ला कृषि विकास कार्यालयका कार्यक्रम अधिकृत रमेश पौडेल ज्यू बाट पनि नेपालमा कृषिको अबस्थाको विषयमा प्रस्तुती गर्नु भएको थियो,त्यसै क्रममा  जिल्ला पशु कार्यालयका .........
- सामाजिक परिचालन कार्यविधि २०७१ अनुसार पोखरा लेखनाथ महानगरपालिका भित्र रहेका साबिक २९ वटा वडाहरु मध्ये सीप  हस्तान्तरणद्धारा सशक्तिकरण नेष्टको मातहतमा रहेका १० वटा वडाहरु मध्ये वडा नागरिक मच्चको पूर्न गठन कार्यक्रम केहि वडाहरुमा बाँकि रहेकाले असोज महिनामा वडा नं १२ मा वडा नर्गारिक मञ्चको पुर्नगठन कार्य सम्पन्न गरियो ।
- नेपालीहरुको महान चाड बडा दशैं पनि नजिकिएको कारणले गर्दा पोखरा लेखनाथ महानगरपालिकामा पनि यो चाडको प्रभाब परेकाले वडा नं ४,७,८,९,११,१२ आदि वडाहरुमा वडा नागरिक मञ्चको सकियतामा बडा दशैंको पाबन अबसरमा बिजया दशमीको शुभकामना आदान प्रदान कार्यक्रम  भव्यताका साथ सम्पन्न गरेको थियो ।
- स्थानिय सेवा प्रदायक संस्था सीप हस्तान्तणद्धारा सशक्तिकरण नेष्ट र पोखरा लेखनाथ महानगरपालिका विच भएको सम्भौता बमोजिम पोखरा लेखनाथ महानगरपालिकाको पनि कार्यमा सहयोग गर्ने प्रावधान अनुरुप यस असोज महिनामा सामाजिक परिचालन कार्यक्रमका सम्बन्धित व्याक्तित्वलाई बेला बखतमा सहयोग गरिएको थियो ।
- सामाजिक परिचालन कार्यविधि २०७१ अनुसार पोखरा लेखनाथ महानगरपालिका भित्र रहेका २९ वटा वडाहरु मध्ये सीप  हस्तान्तरणद्धारा सशक्तिकरण नेष्टको मातहतमा रहेका १० वटा वडाहरु मध्ये वडा नागरिक मच्चको पूर्न गठन कार्यक्रम केहि वडाहरुमा बाँकि रहेकाले कार्तिक महिनामा वडा नं ९,१० मा वडा नागरिक मञ्चको पुर्नगठन कार्य सम्पन्न गरियो ।

- स्थानिय सेवा प्रदायक संस्था सीप हस्तान्तणद्धारा सशक्तिकरण नेष्ट र पोखरा लेखनाथ महानगरपालिका विच भएको सम्भौता बमोजिम पोखरा लेखनाथ महानगरपालिकाको पनि कार्यमा सहयोग गर्ने प्रावधान अनुरुप यस असोज महिनामा सामाजिक परिचालन कार्यक्रमका सम्बन्धित व्याक्तित्वलाई बेला बखतमा सहयोग गरिएको थियो ।
- पोखरा लेखनाथ महानगरपालिकाले विगत एक वर्ष अगाडि देखि सञ्चालनको दौडानमा रहेको प्लाष्टिक निषेधित वडा घोषणा पश्चात २०७३।०७।२४ का दिन पोखरा लेखनाथ महानगरपालिकालाई भव्यताका साथ पो.उ.म.न.पा.मा रहेका २९ वटा वडाका विभिन्न संघ संस्थाहरुको ,सामाजिक परिचालक,आमा समुह,टोल विकास संस्था,विद्यार्थी लगायतको बृहत उपस्थितीमा संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयका सचिब श्रीमान केदार बहादुर अधिकारी ज्यूको प्रमुख आतिथ्यतामा पोखरा उपमहानगरपालिकाको सभागृहको हलमा भव्य उपस्थितीका बावजुत प्लाष्टिक मुक्त नगर घोषणा कार्यक्रम सम्पन्न भएको थियो ।
- सामाजिक परिचालकहरुलाइ हरेक महिनाको २ गते मासिक बैठक गरिने ।
- कार्यविधी बमोजिम सामाजिक परिचालकहरुको नियमित अनुगमनका साथै वडा नागरिक मञ्च,नागरिक सचेतना केन्द्रको बैठकमा उपस्थिीती भैइ नागरिक मञ्च र नागरिक सचेतना केन्द्रको कामको विषयका जानकारी गराइएको ।
- बाल मैत्रि स्थानिय शाषन २०६८ बमोजिम पोखरा लेखनाथ महानगरपालिका भित्रका २९ वडा मध्ये १४ वटा वडामा वडा स्तरिय बाल क्लब पुर्नगठन प्रकियामा सहजिकरणमा साथै बाल बालिकाहरुलाई बाल मैत्रि  विषयमा जानकारी ।
- पोखरा लेखनाथ महानगरपालिका कति पय वडाहरुमा विभिन्न बाल बालिकाहरु संग सम्बन्धित विभित कार्यक्रमहरुमा सकिय सगभागिता जनाइएको जस्तै : वडा स्तरिय बाल क्लब नाच प्रतियोगिता,बाल बालिका र अभिभाबक संगको अभिमुखीकरण कार्यक्रम,वक्तीत्वकला प्रतियोगिता लगाएत विभिन्न कार्यक्रममा सहभागिता जनाइएको ।
- नयाँ र परिपक्कता प्राप्त भएको नागरिक सचेतना केन्द्रमा प्रत्यक्ष पुगि स्थलगत अनुगमन  गरि नर्गारिक सचेतना केन्द्रका सदस्यहरु माझ भएको तिता मिठा अनुभबहरु साटासाट गर्ने अबसर प्राप्तीका साथै हिजोका दिन र आजका दिनमा भएको परिवर्तनको विषयमा छलफल  गरिएको ।

- पोखरा लेखनाथ महानगरपालिकाले राखेका हरेक कार्यक्रमहरुमा सकिय सहभागिता जनाउनुका साथै बालमैत्रि नगर घोषणाको कममा गर्न सकिने हरेक कामहरुमा स्थानिय सेवा प्रदायक संस्थाको तर्फबाट सक्दो सहभागिता जनाउनुका साथै आगामि दिनहरुमा पनि सहयोग गरिने प्रतिबद्धता जनाइएको  ।

- स्थानिय सेवा प्रदायक संस्था नेष्टको मातहतमा रहेका १४ वटा वडाहरुमा बाल क्लब पुर्नगठन कार्यक्रममा सहभागिताका साथै सहजिकरण गरि वडाका बाल बालिकाहरुलाई क्रियाशिल बनाउने काम समेत भएको थियो ।

- पोखरा लेखनाथ महानगरपालिका कार्यलयले सदा झै बार्षिक रुपमा आयोजना गर्ने वडा स्तरिय योजना तर्जुमा कार्यक्रम अगाबै सामाजिक परिचालकलाई वडामा छुट्याइएको बजेटबाट सम्बन्धित शिर्षकमा पुग्नका लागि वडामा रहेका सम्पुर्ण शिर्षकका जनताहरुलाई जानकारी गराउनुका साथै वडामा विनियोजन गरिएको बजेट सम्बन्धित स्थानमा पुग्नका लागि सामाजिक परिचालक लाई जानकारी गराइएको ।

- स्थानिय सेवा प्रदायक संस्था नेष्टको मातहतमा रहेका १४ वटा वडाहरु मध्ये वडा नं ५ मा वडा नागरिक मञ्चको पुर्नगठन हुन विबिध कारणले ढिला भएकोमा पौष महिनामा पुर्नगठन गर्न सफल भई यस आ.ब.को पुर्नगठन कार्यक्रम समाप्त भएको छ ।

- पोखरा लेखनाथ महानगरपालिकाले आयोजना गरेको सम्पूर्ण चौध चरणको योजनाहरु पार गर्दै २०७३।९।२९ गतेका दिन पोखरा लेखनाथ महानगरपालिकामा विधिबत रुपमा आयोजना गरिएको नगर स्तरिय योजना तर्जूमा कार्यक्रममा सम्पूर्ण सामाजिक परिचालकका सक्रिय सहभागिता साथ विभिन्न वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रका सदस्यहरुको सहभागिता रहेको थियो भने उक्त कार्यक्रम पोखराको सभाहलमा सम्पन्न भएको थियो ।

- पोखरा लेखनाथ महानगरपालिकाको वडा नं ११ मा बालमैत्रि स्थानिय शाषन अर्न्तगत वडा स्तरिय बाल मञ्चद्धारा आयोजित तिन दिने बक्तित्वकला कार्यक्रममा पोखरा लेखनाथ महानगरपालिकाका बरिष्ट अधिकृत,सामाजिक बिकास माहाशाखा प्रमुख ओमराज पौडेल ज्यूको प्रमुख आतिथ्यतामा तिन दिबसीय कार्यक्रम सम्पन्न भएको र सो कार्यक्रममा निर्णायकको भुमिकामा रहने अबसर प्राप्त भएको थियो।

- पोखरा लेखनाथ महानगरपालिकाको शहरी गरिबी न्यूनिकरण शाखा अर्न्तगत पोखरा लेखनाथ महानगरपालिका को वडा नं १९मा तिन दिने टोल विकास संस्थाको काम कर्तव्य जिम्मेबारी,नेतृत्व विकास र व्यबस्थापन सम्बन्धि तालिममा सहभागिता जनाइ वडा नं १९का जनसमुदायसँगको भातृत्व भाब भई कार्यक्रम सञ्चालनका साथै आपसी सहयोगको भाबना बृद्धि भएको थियो ।

- पोखरा लेखनाथ महानगरपालिका वाताबरण मैत्रि वडा घोषणा कार्यक्रम निकै नै तदरुकताका साथ अघि बढिरहेको बखतमा पोखरा उपमहानगरपालिका वडा नं १२ लाई पोखरा लेखनाथ महानगरपालिकाकै पहिलो वाताबरण मैत्रि वडा घोषणा कार्यक्रममा सहभागिता जनाउने अबसर प्राप्त भएको थियो । वाताबरण मैत्रि वडा घोषणा गर्नका निम्ती १८ वटा सूचकहरु पार गर्दै पहिलो हुन सफल भएको थियो।उक्त घोषणा कार्यक्रममा पोखरा लेखनाथ महानगरपालिका का कार्यकारी अधिकृत नबराज ढुङ्गाना ज्यूको प्रमुख आतिथ्यतामा घोषणा कार्यक्रम सम्पन्न भएको थियो ।

- पोखरा लेखनाथ महानगरपालिका वडा नं ११ मा वडा नागरिक मञ्चको सक्रियतामा वातावरण मैत्रि वडा घोषणा गर्नका लागि पुरा गर्नु पर्ने सूचकको विषयमा वडा नागरिक मञ्चको पहलमा बृहत छलफल भई सम्बन्धित टोल ,सरकारी कार्यालयमा पत्र सहितको जानकारीका साथै वाताबरण घोषणाका लागि वडा नर्गारिक मञ्चको सक्रिय भुमिका अगाडि बढ्नुका साथै बाल मैत्रि कार्यक्रमलाई समेत सँग सँगै लैजाने विषयमा समेत छलफल भएको थियो ।सोहि दिनमा नै नयाँ नागरिक सचेतना केन्द्र वडा नं १० को समेत अनुगमन गरिएको थियो ।

- पोखरा लेखनाथ महानगरपालिकाको वडा नं ८ स्थित मिलीजुली नागरिक सचेतना केन्द्रमा पुगि सचेतना केन्द्रका सदस्यहरु बिच आपसी छलफलका साथै क्षेत्रिय समम्नवय ईकाइ पोखराबाट पनि सो सचेतना केन्द्रमा पुगि गठन भए देखि हाल सम्मको गतिविधिको बारेमा जानकारी लिनुका साथै केहि सल्लाह सुझाव समेत दिने र लिने काम समेत भएको थियो ।उक्त केन्द्रमा सहभागिता न्यून रहेको र आगामि दिनमा अलि बढि जनसहभागिता जनाउनु पर्ने समेत जानकारी गराउनुका साथै भाबि दिनमा अझ राम्रो सहभागिता होस भन्ने कामनाका साथ समाप्त भएको थियो ।

- बुटवल उपमहानगरपालिकाका वडा नागरिक मञ्चका संयोजकहरुको पोखरा भ्रमणको क्रममा पोखरा लेखनाथ महानगरपालिकाका पनि वडा नागरिक मञ्चका संयोजकहरु बिच भेटघाटका साथै आ:आफ्ना अनुभबहरु साटासाट गर्नुका साथै पोखरा लेखनाथ महानगरपालिका भित्र गठन भएका वडा नर्गारिक मञ्चले गरेका कामका साथै गारा असजिला पाटाहरुको पनि सामुहिक छलफलका साथै पोखरा लेखनाथ महानगरपालिकाका प्रशाशकिय अधिकृत अन्नत प्रसाद कोइराला ज्यूको अध्यक्षयतामा शहरी गरिबी न्यूनीकरण तथा सामाजिक परिचालन शाखाका वित्त अधिकृत सबिला ढुडगाना ज्यूले कार्यक्रम सञ्चालन गर्नु भएको थियो ।

- सामाजिक परिचालकहरुले वडा कार्यालयमा रहेर के कस्ता कामहरु गरेका छन् र नर्गारिक सचेतना केन्द्र ,वडा नर्गारिक मञ्च सञ्चालनको क्रममा भए गरेका कामहरुको विवरणको

बारेमा माइनेट चोकको क्रममा वडा नं ४,८,१०,११,१३,२०, जानकारी नै नगरीकन माइनेट चेक गरिएको र देखिएका कमिकमजोरीलाई सञ्चाउन निर्देशन दिने काम समेत भएको थियो

## २) मुख्य उपलब्धि

- पो.ले.म.न.पा.का सम्पूर्ण  वडाहरुमा वडा नागरिक मञ्च पुर्नगठन तथा परिचालन भैरहेको ।
- पो.ले.म.न.पा.का सम्पूर्ण वडाहरुमा  नागरिक सचेतना केन्द्र परिचालन भैरहेको ।
- पोखरा लेखनाथ महानगरपालिकाभित्रका सम्पूर्ण वडाहरुमा टोल, तथा वडा स्तरीय बाल क्लब गठन का साथै परिचालन र वातावरण मैत्रि अभियान सहयोग ।
- पोखरा लेखनाथ महानगरपालिकाका वडा नं २०, २१, २२, २७ र २८ मा साना पुर्वाधार कार्यक्रम, जिबिकोपार्जन सुधार  कार्यक्रम सम्पन्न ।
- नागरिक सचेतना केन्द्रका सदस्यलाई वडा स्तरिय योजना तर्जूमा कार्यक्रममा योजना समाबेश गर्न सफल ।
- वडास्तरिय योजना तर्जूमा कार्यक्रममा वडा नागरिक मञ्चका सदस्यहरुको सक्रिय सहभागिता ।
- वाताबरण मैत्रि वडा घोषणाको क्रममा वडा नागरिक मञ्चको सक्रिय भुमिका रहेको छ ।
- वडा नागरिक मञ्चका सदस्यहरुमा वडाका हरेक कामहरुमा चलाखीपन वा चासो लिएका ।
- नागरिक सचेतना केन्द्रका सदस्यहरुमा खाजा खर्च वापत आएको बजेट पनि लगानी गरि व्याजमा सञ्चालन गरेको  ।

## ३) क्रियाकलाप सञ्चालन गर्दा देखिएका समस्या तथा चुनौती :

- नागरिक सचेतना केन्द्रमा रिफ्लेक्ट बिधिव्दारा  कक्षा सञ्चालन गर्दा उपस्थिति गराउन समस्या ।
- वडा नागरिक मञ्च गठन पश्चात मासिक बैठकमा कहि कतैका वडाहरुमा उपस्थिती गराउन कठिनाईका साथै, वडा नागरिक मञ्चको काम कर्तव्य र जिम्मेबारी  को विषयमा जति जानकारी गराए पनि अष्पस्टता भएका कारणले यी विषयमा कारणले गर्दा थोरै  सञ्चालनमा कठिनाई ।
- वडा नागरिक मञ्चको पुर्न गठन गर्दा राजनितीकरण बढि हुनाले गठन प्रक्रियामा समस्या ।
- बाल क्लब गठन तथा परिचालनमा बाल क्लवका सदस्यहरुलाई बजेट नहुनाले बैठक संचालनमा कठिनाई ।

## ४) क्रियाकलाप सञ्चालन गर्दा समस्याहरु भए समाधानका लागि गरिएका प्रयासहरुः

- नागरिक सचेतना केन्द्रको रिफ्लेक्ट कक्षाको प्रारम्भिक अबस्थामा उपस्थिति नहुंदा कक्षा सञ्चालन गर्नको लागि असहज वाताबरण सिर्जना हुनुका साथै पछिका दिनमा सामाजिक परिचालकहरुको सक्रिय सहभागितामा  नागरिक सचेतना केन्द्रका सदस्यहरुका लागि स्थानिय निकायको महत्व,राज्यको सेवा सुबिधाको विषयमा ज्ञान हुदै जांदा  अहिलेको समयमा नागरिक सचेतना केन्द्रका सदस्यहरुको नियमित उपस्थिति रहने गरेको पाईएको छ ।
- नागरिक सचेतना केन्द्रमा राज्यले दिने सेवा सुविधाका साथै जिविकोपार्जन सुधार योजना कार्यक्रम तथा साना पुर्बाधार योजना कार्यक्रममा आउने बजेटले गर्दा सचेतनाका सदस्यहरु माफ्र्त केही आय आर्जनका काममा लाभाम्बित हुने आशाले नागरिक सचेतना केन्द्रमा नियमित उपस्थितीमा समस्या भएता पनि पछिका दिनमा राम्रो प्रतिफल प्राप्त भएको ।

- वडा नागरिक मञ्चका सदस्यहरुलाई सामाजिक परिचालन कार्यबिधि २०७१ मा आधारित वडा नागरिक मञ्चको काम ,कर्तव्य र जिम्मेबारीको विषयमा अनभिज्ञ भएकाले पछिल्ला दिनहरुमा  वडा नागरिक मञ्चका सदस्यहरुका लागि एक दिवसिय अभिमुखिकरण कार्यक्रम सञ्चालन हुदै आए पश्चात वडा नागरिक मञ्चका सदस्यहरुले राज्यले दिने सेवा र सुबिधाको विषयमा जानकारी लिन पाउने अधिकार,नागरिकहरुले अनुगमन र निगरानी गर्ने अधिकार जनताको भएकाले वडा नागरिक मञ्चका सदस्यहरुमा हालको अबस्थामा बैठक बस्न  थोरै मात्रामा सहज भएको छ ।

**५) सुझाब :**

- संघिय मामिला तथा स्थानिय विकास कार्यक्रम अर्न्तगत स्थानिय शासन तथा सामुदायिक बिकास कार्यक्रममा आधारित भै  यो कार्यक्रम सञ्चालन भएको तर नागरिक सचेतना केन्द्र , वडा नागरिक मञ्चका सदस्यहरुको लागि खाजा खर्च बापतको बजेट  समयमा नै निकासा गर्नु पर्ने देखिएको छ ।
- बालमैत्री स्थानिय शासन २०६८ मा आधारित बाल क्लब गठन कै क्रममा  टोल स्तरिय बाल क्लबका साथै वडा स्तरिय बाल क्लबको परिचालन तथा बैठकलाई मासिक रुपमा सञ्चालन गर्नुको लागि  बजेट आबश्यक रहेको देखिन आएको छ ।
- नागरिक सचेतना केन्द्रमा जिविकोपार्जन सुधार कार्यक्रम, साना पुर्वाधार योजनाका कार्यक्रममा स्थानिय निकायबाट पनि बेला बेलामा अनुगमन तथा निगरानीको रुपमा काम गर्नु पर्ने ।
- वडा नागरिक मञ्चका सदस्यहरुलाई मासिक रुपमा बैठक सञ्चालन गर्न उत्सुकताका साथ काम कर्तव्य र जिम्मेबारीमा ध्यान देखाउनु पर्ने ।
- स्थानिय निकायले स्थानिय सेवा प्रदायक संस्थाहरु संग कम्तीमा व्दैमासिक रुपमा बैठक बसी प्रगति विवरणको बारेमा जानकारी लिनु पर्ने ।

**६) सामाजिक परिचालन कार्यक्रमको प्रभाबबाट भएका सकारात्मक परिर्वतनहरु :**

- सम्बन्धीत वडाको विपन्न बस्ती छनौट गरी नागरिक सचेतना केन्द्र स्थापना गरी विपन्न बस्तीको पनि अति विपन्न परिवार छनौट गरी नागरिक सचेतना केन्द्रमा राज्यबाट पाइने सेवा सुबिधाको बारेमा जानकारी प्राप्त भएको।
- वडा नागरिक मञ्चका सदस्यहरुलाई सम्बन्धीत वडाको योजना तर्जुमा कार्यक्रम, नागरिक अनुगमनमा वडा नागरिक मञ्चको भुमिका सक्रिय रुपमा रहने विषयमा जानकारी भएको र वडा नागरिक मञ्चका सदस्यहरु जिज्ञासाका साथ विद्यालय अनुगमन बाटो निमार्ण,योजना तर्जूमामा पुगी जानकारी लिने अबसर प्राप्त भएको ।
- स्थानिय शाषन तथा सामुदायिक कार्यक्रमका आधारमा वडामा रहेका विभिन्न संघ संस्थाहरु विच आपसी छलफल ।

## अनुसुचीहरु

**पोखरा उपमहानगरपालिका भित्रका स्थानिय सेवा प्रदायक संस्था नेष्टको हकमा रहेका नागरिक सचेतना केन्द्रको साना पूर्वाधार योजना कार्यक्रममा लाभाम्बित नागरिक सचेतना केन्द्रहरुको विबरण**

**अनुसुची १**

| क्र.सं. | ना.स.के को नाम | योजनाको नाम | वडा नं. | कुल बजेट | न.पा | जनसहभागिता | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | डाँडा गाउँ नागरिक सचेतना केन्द्र | सोलार बत्ति जडान | २० | ३,१५०,००० | छैन | एक घर धुरी बापत रु १५००, ( १५००× २७) | |
| २ | पाण्डेथोक नागरिक सचेतना केन्द्र | खानेपानि टंकी निर्माण | २१ | ४,६८,००० | छैन | १,१७,००० | |
| ३ | पोखरी गाउँ नागरिक सचेतना केन्द्र | सोलार बत्ति जडान | २२ | ३,१५०,००० | छैन | एक घर धुरी बापत रु १५००,( १५००× ३५) खाजाको रकम (३००००) | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | छापागाउँ नागरिक सचेतना केन्द्र | सामुदायिकभवननिर्माण | २८ | ४,६०,००० | छैन | १,१५,००० | |

**अनुसुची २**

**जिबिकोपार्जन सुधार कार्यक्रम विवरण** (केवल एलआपी लागु भएका गाउँ विकास समिति ।नगरपालिकाका वडाहरुका लागि मात्र)

| सञ्चालित व्यबसायहरु (व्यबसायको प्रकार) | शुरु गरेको मिति | लगानि रकमको श्रोत | | | रोजगारी सृजना( आशिक,पुर्ण) कति जनालाई | सरदर नाफा |
|---|---|---|---|---|---|---|
| तरकारी खेति | २०७२।४।१२ | आफ्नै | गविस,जिविस,याल.जि.सी.डी.पी | अन्य | आशिक पाचँ जनालाई | ५,०००। |
| कुखुरा पालन | २०७२।४।२० | आफ्नै | एल.जि.सी.डी.पी | छैन | आशिक पाचँ जनालाई | १०,५०० |
| भैशिको पाडि खरीद | २०७२।४।२९ | आफ्नै | एल.जि.सी.डी.पी | छैन | आशिक पाचँ जनालाई | बृद्दि हुने कम जारी |
| बाखा पालन | २०७२।५।५ | आफ्नै | एल.जि.सी.डी.पी | छैन | आशिक पाचँ जनालाई | ४,००० |

**अनुसुची३**

**वडा नागरिक मञ्चको विवरण**

| क.सं | वडा नं | सदस्य संख्या | | गठन भएको मिति | वनाम पुर्नगठन गरियो,गरिएन कहिले गरियो। | कुन कुन संस्थाको प्रतिनिधित्व छ | संयोजकको नाम |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | | | | |
| १ | ८ | १७ | १२ | | गरियो | कार्यविधि अनुसार सबैबाट | राज कुमारी गुरुङ्ग |
| २ | ९ | १४ | १५ | | गरियो | कार्यविधि अनुसार | सरु श्रेष्ठ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | सबैबाट | |
| ३ | १० | १५ | १४ | | गरियो | कार्यविधि अनुसार सबैबाट | शान्ति सुबेदी |
| ४ | ११ | १५ | १४ | | गरियो | कार्यविधि अनुसार सबैबाट | महाविर थापा |
| ५ | १२ | १४ | १५ | | गरियो | कार्यविधि अनुसार सबैबाट | कल्पना ढकाल |
| ६ | १३ | १५ | १४ | | गरियो | कार्यविधि अनुसार सबैबाट | आसविर नेपाली |
| ७ | २० | १४ | १५ | | गरियो | कार्यविधि अनुसार सबैबाट | दुर्गा पौडेल |
| ८ | २१ | १३ | १६ | | गरियो | कार्यविधि अनुसार सबैबाट | इन्दिरा आचार्य |
| ९ | २२ | ११ | १८ | | गरियो | कार्यविधि अनुसार सबैबाट | पबित्रा वि.क. |
| १० | २८ | १४ | १५ | | गरियो | कार्यविधि अनुसार सबैबाट | सिता आचार्य |
| ११ | ४ | १७ | १२ | | गरियो | कार्यविधि अनुसार सबैबाट | भगवति कोइराला |
| १२ | ५ | १४ | १५ | | गरियो | कार्यविधि अनुसार सबैबाट | बसन्त गिरी |
| १३ | २७ | १४ | १५ | | गरियो | कार्यविधि अनुसार सबैबाट | रमा त्रिपाठी |
| १४ | २९ | ११ | ११ | | गरियो | कार्यविधि अनुसार सबैबाट | सिता पौडेल |

**अनुसुची ४**

**जिविकोपार्जन सुधार कार्यक्रमबाट लाभान्वीत ना. स. के. सदस्यहरुको पूर्ण विबरण**

| क्र.सं | वडा | ना.स.के. नम | ना.स.के सदस्य संख्या | ऋण सुविधा लिएका सदस्य | व्यबसाय | रकम रु | अबधि | व्यबसायको अबस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २० | डाडागाउँ ना.स.के. | ३० | ५ | कृषि ,बाखा ,कुखुरा पालन | २०,००० | १ वर्ष | चालु ठिकै | |
| २ | २१ | पाण्डे थोक ना.स.के. | ३० | ५ | कृषि,बाखा,कुखुरा पालन | २०,००० | १ वर्ष | चालु राम्रो | |
| ३ | २२ | पोखरी गाउँ ना.स.के. | ३५ | ५ | पाडि खरिद | २०,००० | १ वर्ष | चालु राम्रो | |
| ४ | २८ | छापागाउँ ना.स.के | ३० | ५ | बाखा,कुखुरा पालन | २०,००० | १ वर्ष | चालु राम्रो | |

**नागरिक सचेतना केन्द्रमा सदस्य संख्या**

| वडा नं | महिला | पुरुष | दलित | जनजाति | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| वडा नं ४ | २४ | ० | ७ | ९ | ८ | २४ |
| वडा नं ५ | ३० | ० | २९ | ० | १ | ३० |
| वडा नं ८ | २७ | ० | ४ | ५ | १८ | २७ |
| वडा नं ९ | २० | २४ | २० | २२ | २ | ४४ |
| वडा नं १० | ३० | ७ | २५ | ११ | १ | ३७ |
| वडा नं ११ | २८ | ३ | २४ | ४ | ३ | ३१ |
| वडा नं १२ | २६ | ८ | २३ | ९ | २ | ३४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा नं १३ | २० | ११ | १३ | ७ | ११ | ३१ |
| वडा नं २० | २७ | ३ | २५ | ५ | ० | ३० |
| वडा नं २१ | २५ | ५ | ८ | ५ | १७ | ३० |
| वडा नं २२ | २९ | ६ | १७ | ५ | १३ | ३५ |
| वडा नं २८ | २५ | ५ | २५ | ५ | ० | ३० |
| **वडा नं २७** | **२४** | **३** | **०** | **२७** | **०** | **२७** |
| **वडा नं २८** | **३०** | **०** | **१५** | **५** | **१०** | **३०** |
| **वडा नं २९** | **२२** | **८** | **७** | **११** | **१२** | **३०** |
| **वडा नं २०** | **३०** | **०** | **२५** | **५** | **०** | **३०** |
| **वडा नं २१** | **२५** | **५** | **०** | **२५** | **५** | **३०** |
| **वडा नं २२** | **३०** | **५** | **०** | **१५** | **५** | **३०** |
| **जम्मा** | **६२६** | **२६९** | **३४३** | **२३०** | **३२२** | **८९५** |
| | | | | | | |

वडा नागरिक मञ्चका सदस्यहरुको विबरण

| वडा नं | महिला | पुरुष | द्बलिद | जनजाति | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| वडा नं ४ | १७ | १२ | ३ | ३ | २३ | २९ |
| वडा नं ५ | १४ | १५ | १ | २ | २६ | २९ |
| वडा नं ८ | १७ | १२ | ३ | ११ | १५ | २९ |
| वडा नं ९ | १४ | १५ | ५ | १३ | ११ | २९ |
| वडा नं १० | १५ | १४ | २ | १४ | १३ | २९ |
| वडा नं ११ | १५ | १४ | ४ | १४ | ११ | २९ |
| वडा नं १२ | १४ | १५ | ७ | १४ | ८ | २९ |
| वडा नं १३ | १५ | १४ | ५ | ९ | १५ | २९ |
| वडा नं २० | १४ | १५ | ५ | ४ | २० | २९ |
| वडा नं २१ | १३ | १६ | ५ | ५ | १९ | २९ |
| वडा नं २२ | ११ | १८ | ८ | ४ | १७ | २९ |
| वडा नं २८ | १४ | १५ | ६ | ८ | १५ | २९ |
| **वडा नं २७** | १४ | १५ | ४ | ३ | २२ | २९ |
| **वडा नं २९** | ११ | ११ | १ | १ | २० | २२ |
| **जम्मा** | १९८ | २०१ | ५९ | १०५ | २३५ | ३९९ |
| | | | | | | |

## कार्यक्रमका झलकहरु

















**प्रतिवेदन प्रस्तुतकर्ता: निर्मला अर्याल**
**सामाजिक परिचालन संयोजक (नेष्ट)**